# नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको
# रजिष्टर्ड कार्यालय - मेनरोड, बीरगंज (पर्सा)
# प्रधान कार्यालय -हेरिटेज प्लाजा, कमलादी, काठमाडौंको
# सत्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

आदरणीय शेयरधनी महानुभावहरू,

यस कम्पनीको मिति २०७३/११/१७ गते बसेको संचालक समितिको २४४औं बैंठकको निर्णय बमोजिम कम्पनीको सत्रौं वार्षिक साधारण सभा निम्न बिषयहरुमा छलफल गर्न देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

मितिः– २०७३ साल चैत्र १४ गते (तदनुसार २७ मार्च २०१७) सोमबार
समयः– बिहान ९:३० बजे
स्थानः– होटल भिष्वा, बीरगंज (पर्सा)

## छलफलको विषयसूचीहरु

### क) सामान्य प्रस्ताव

१. संचालक समितिका तर्फबाट अध्यक्षज्यूबाट पेश हुने आ.व.२०७२।०७३ को वार्षिक प्रतिवेदन पारित गर्ने ।
२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०७३ साल आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७२/०७३ को आय व्यय हिसाव, नाफा/नोक्सान हिसाव र सोही अवधिको नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३. लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व.२०७३/०७४ को लागि लेखा परिक्षक नियुक्ति गर्ने तथा नीजको पारिश्रमिक निर्धारण गर्ने । (बर्तमान लेखापरिक्षक श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्स् पुनः नियुक्त हुन सक्नु हुनेछ )
४. संचालक समितिले प्रस्ताव गरे बमोजिम बोनस शेयर बापतको कर प्रयोजनार्थ रू.३,२५,९३,९८६/- नगद लाभांश वितरण गर्न स्वीकृत गर्ने ।
५. संस्थापक शेयरधनी समुह (क) बाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ४ (चार) जना संचालकको निर्वाचन गर्ने ।

### ख) बिशेष प्रस्ताव

१. संचालक समितिले प्रस्ताव गरे बमोजिम २०७३ आषाढ मसान्तसम्ममा कायम चुक्ता पूँजीमा थप साधारण शेयर निश्कासन (Further Public Offering) पश्चात कायम हुने चुक्ता पूँजी रू.२,४७,७१,४२,९००/-को २५ प्रतिशत अर्थात रू.६१,९२,८५,७२५/-को बोनस शेयर जारी गर्ने प्रस्ताव पारित गर्ने । बोनस शेयर बितरण गर्दा कायम हुन आउने दशमलव पछिको अंकलाई सम्बन्धीत शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।
२. बोनस शेयर जारी गरे पश्चात हुने शेयर संरचना बमोजिम जारी पूँजी तथा चुक्ता पूँजीलाई तदनुरूप बृद्धि गर्ने साथै कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने प्रस्ताव पारित गर्ने ।
३. कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संशोधन गर्ने । कम्पनीको प्रवन्धपत्र तथा नियमावलीको प्रस्ताबित संशोधनमा सम्बन्धीत निकायबाट कुनै फेरबदल वा सुझाव भएमा सो सुझाव बमोजिम आवश्यक फेरबदल गर्ने अख्तियारी संचालक समिति वा समितिले तोकेको व्यक्तिलाई दिने प्रस्ताव पारित गर्ने ।
४. संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७३ बमोजिम संचालक समिति तथा उपसमितिको बैठक भत्ता तथा अन्य सुबिधा बारे ।
५. संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७३ को निर्देशन नं.१२(२) बमोजिम प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक बारे ।
६. कम्पनी ऐन को दफा १०५(१)(ग) बमोजिम आ.व.२०७२।०७३ मा चन्दा शिर्षक अर्न्तगत भएको खर्च अनुमोदन गर्ने ।

### ग) विविध

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिब**

# साधारण सभा सम्बन्धी जानकारी

१. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरूले सभा हलमा प्रवेशको लागि सक्कल शेयर प्रमाणपत्र वा हितग्राही खाता खोलिएको कागजात, प्रकाशित प्रवेशपत्र अथवा आफ्नो कुनै आधिकारिक परिचयपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

२. सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले सो सम्बन्धी निवेदन मिति २०७३।१२।१० गते अपरान्ह ५.०० बजेभित्र कम्पनीको रजिष्टर्ड कार्यालय बीरगंज वा प्रधान कार्यालय, काठमाडौंमा दर्ता गराई सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु आवश्यक छ ।

३. कम्पनीको शेयर दाखिल खारेजको काम मिति २०७३।११।२७ गते देखि २०७३।१२।१४ गतेसम्म बन्द रहनेछ । मिति २०७३।११।२६ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भएका सम्पूर्ण शेयरहरू दाखिल खारेजीका लागि मिति २०७३।१२।०७ गते ५ बजेभित्र कम्पनीमा प्राप्त भईसक्नुपर्नेछ । सोही बमोजिम दर्ता किताबमा कायम तथा सिडिएस एण्ड क्लियरिङ लि. मा कायम शेयरधनीहरूले मात्र सो सभाबाट पारित नगद लाभांश तथा बोनस शेयर प्राप्त गर्न सक्नेछन् ।

४. प्रस्तावित लाभांश २०७३ आषाढ मसान्तसम्ममा कायम चुक्ता पूँजीको ३०.०८ प्रतिशत (कर सहित) तथा थप साधारण शेयर निष्कासन (एफ.पि.ओ.) बितरण गरेपश्चात कायम हुने चुक्ता पूँजीको २६.३१ प्रतिशत (कर सहित) हुनेछ ।

५. सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभा हुने स्थानमा उपस्थित भई सभास्थलमा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्नेछ । हाजिरी पुस्तिका बिहान ९:०० बजेदेखि खुल्ला रहनेछ ।

६. छलफलका बिषयमध्ये विविध शिर्षक अर्न्तगत छलफल गर्न ईच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको बिषय कम्पनी सचिब मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनुपर्नेछ । सो बिषय अध्यक्षज्यूको अनुमतिले सभामा छलफलका लागि ल्याईए पनि प्रस्ताव वा निर्णयको रूपमा कार्यान्वयन गरिने छैन ।

७. संचालक पदमा उम्मेदवार हुन चाहने शेयरधनीले आफ्नो नाममा कम्तीमा १०० कित्ता शेयर लिएको हुनुपर्नेछ ।

८. संचालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले सूचना प्रकाशित गरे बमोजिम हुनेछ । उक्त निर्वाचन सम्बन्धी सूचना तथा कार्यक्रम कम्पनीको प्रधान कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाडौंको सुचना पाटीमा टाँस गरिनेछ ।

९. साधारणसभा सम्बन्धी थप जानकारीका लागि कम्पनीको प्रधान कार्यालय, हेरिटेज प्लाजा, कमलादी, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

१०. कुनै एक शेयरधनीले एक भन्दा बढी ब्यक्तिलाई प्रतिनिधी नियुक्ती गरी पठाएकोमा जसको नियुक्ती सबैभन्दा अघिल्लो मितिमा कम्पनीमा प्राप्त हुन्छ निजलाई मात्र प्रतिनिधीको हैसियतले सभामा भाग लिने र मतदान गर्ने अधिकार हुनेछ ।

११. सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि शेयरधनीहरूले प्रतिनिधी फेरबदल गर्न चाहेमा मिति २०७३/१२/१० गते अपरान्ह ५:०० बजे भित्र सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालय बीरगन्ज वा प्रधान कार्यालय काठमाण्डौमा दर्ता गराइसक्नु पर्नेछ ।

१२. शेयरधनीहरूले ब्यक्त गरेको मन्तब्य वा प्रश्नहरूको सम्बन्धमा संचालक समितिको तर्फबाट संचालकहरूले सामुहिक रूपमा अथवा अध्यक्षज्यूले तोकेको आधिकारीक ब्यक्तिबाट उत्तर दिइनेछ ।

१३. संयुक्त रूपमा शेयर खरिद गरिएको अवस्थामा कम्पनीको शेयर लगत कितावमा पहिले नाम उल्लेख भएको ब्यक्ति अथवा सर्बसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक ब्यक्तिले मात्र सभामा भाग लिन पाउनेछ

१४. नाबालक वा बिक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत कितावमा संरक्षकको रूपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

१५. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थलमा आउदा झोला (ब्याग ) जस्ता बस्तुहरू नलिइ आउनुहुन अनुरोध गरिन्छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्न सक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.

रजिष्टर्ड कार्यालय – मेनरोड, विरगञ्ज (पर्सा)
प्रधान कार्यालय – हेरिटेज प्लाजा, कमलादी, काठमाडौं

श्री सञ्चालक समिति
**नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड**
रजिष्टर्ड कार्यालय, विरगञ्ज, नेपाल ।

**विषयः प्रतिनिधि नियुक्त गरेको बारे ।**

......................जिल्ला......................न.पा./गा.वि.स......................बस्ने म/हामी ...................... . ले यस कम्पनीको शेयरधनीको हैसियतले २०७३/१२/१४ गते, सोमबारका दिन हुने कम्पनीको १७ औं वार्षिक साधारण सभामा म/हामी स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकाले उक्त सभामा मेरो/हाम्रो तर्फबाट भाग लिन तथा मतदान गर्नका लागि ...................... जिल्ला ......................न.पा./गा.वि.स. वडा नं. ......................बस्ने श्री ...................... लाई मेरो/हाम्रो प्रतिनिधि नियुक्त गरी पठाएको छु/पठाएका छौं ।

**निवेदकको**
दस्तखत :
नामः
ठेगानाः
शेयर प्रमाणपत्र नं.:
शेयरधनी/हितग्राही परिचय नं.
शेयर संख्याः

**प्रतिनिधि नियुक्त भएको व्यक्तिको**
हस्ताक्षरको नमूनाः
शेयरप्रमाणपत्र नं.:
शेयरधनी/हितग्राही परिचय नं.
मितिः

---

नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.

रजिष्टर्ड कार्यालय – मेनरोड, विरगञ्ज (पर्सा)
प्रधान कार्यालय – हेरिटेज प्लाजा, कमलादी, काठमाडौं

**प्रवेश पत्र**

शेयरधनीको नाम ......................शेयरधनी/हितग्राही परिचय नं......................शेयर संख्या ......................मिति २०७३/१२/१४ गते, सोमबारका दिन हुने नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको १७ औं वार्षिक साधारण सभामा उपस्थित हुन जारी गरिएको प्रवेशपत्र ।

......................
शेयरधनीको दस्तखत

द्रष्टव्यः
१) शेयरधनी आफैंले खाली कोष्ठहरू भर्नु होला ।
२) सभा कक्षमा प्रवेश गर्न यो प्रवेश पत्र प्रस्तुत गर्नु अनिवार्य छ ।

......................
ओमप्रकाश पुडासैनी
कम्पनी सचिव

# विषय सूची


कम्पनी परिचय

परिकल्पना/अभियान

अध्यक्षज्यूको मन्तव्य

प्रमुख कार्यकारी अधिकृतज्यूको मन्तव्य

१ सञ्चालक समितिको वार्षिक प्रतिवेदन

२० लेखापरीक्षकको प्रतिवेदन

२२ वासलात

२३ नाफा नोक्सान हिसाब

२४ नगद प्रवाह विवरण

२५ आय–व्ययको हिसाब

अनुसूचीहरू (१-३१)

- वित्तिय विवरण सम्बन्धमा बीमा समितिबाट प्राप्त स्वीकृति पत्र

- प्रबन्धपत्र तथा नियमावलीमा संशोधन प्रस्ताव

- जीवन बीमा योजनाहरू

# कम्पनी परिचय

नेपालले अबलम्बन गरेको आर्थिक उदारीकरण नीति सँगै आमनेपाली जीवनको सुरक्षा र सम्बृद्धिको चाहनालाई परिपूर्ती गर्ने उद्देश्यले निजी क्षेत्रका ख्यातीप्राप्त औद्योगिक तथा व्यापारिक घरानाहरूको समूहबाट मिति २०५८/०१/२१ मा प्रचलित कम्पनी ऐन तथा बीमा ऐन २०४९ अन्तर्गत पब्लिक लिमिटेड कम्पनीको रूपमा यस कम्पनी स्थापना भएको हो । जीवन बीमा एक दीर्घकालिन प्रकृतिको व्यवसाय रहेको तथ्यलाई हृदयङ्गम गर्दै कम्पनीले पारदर्शिता र जवाफदेहितालाई पहिलो प्राथमिकतामा राख्दै आएको छ । चुस्त आन्तरिक नियन्त्रण प्रणाली तथा संस्थागत सुशासनको माध्यमबाट कम्पनीले सफलताको सोह्रौं वर्ष पार गरी जीवन बीमा व्यवसायको क्षेत्रमा आफूलाई एक अग्रणी कम्पनीको रूपमा उभ्याउन सफल भएको छ ।

यस कम्पनीको अधिकृत पुँजी रू. ५ अर्ब तथा जारी तथा चुक्ता पुँजी रू. २४७.७१ करोड रहेको छ । कम्पनीले घोषणा गरेको बोनस शेयर वितरण पश्चात चुक्ता पुँजी र जारी पुँजी रू. ३०९.६४ करोड हुनेछ ।

यस कम्पनीले जर्मनी स्थित विश्वको ख्यातीप्राप्त, पुर्नबीमा कम्पनी ह्यानओभर रि-इन्स्योरेन्स कम्पनीसँग पुर्नबीमा गरेको छ ।

कम्पनीले आम जनताको सुरक्षा र सम्बृद्धिको चाहनालाई ध्यानमा राख्दै फरक फरक बीमा योजनाहरू कार्यान्वयनमा ल्याएको छ । यस क्षेत्रमा आफ्नो विशिष्ठ पहिचान स्थापना गर्न कम्पनीले नेपाल लाइफ किनकि जीवन अमूल्य छ... भन्ने ब्राण्डलाई सशक्त बनाउँदै आएको छ ।

नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.

## परिकल्पना (VISION)

एक सशक्त जीवन बीमा कम्पनीको माध्यमबाट प्रत्येक परिवारको सुरक्षा र सम्बृद्धिको चाहनालाई पुरा गर्दै उनीहरूलाई आर्थिक रूपमा सुरक्षित बनाई नेपालका प्रत्येक नागरिकको योगदानबाट एक स्वस्थ, सम्बृद्ध राष्ट्र निर्माण गर्ने ।

## अभियान (MISSION)

समाजका प्रत्येक तह र तप्काका मानिसहरूको आर्थिक र सामाजिक आवश्यकताको परिपूर्तिका लागि विभिन्न किसिम र प्रकृतिका आकर्षक बीमा योजनाहरू तर्जुमा गरी आफ्ना ग्राहकहरूलाई सदा उच्चतम र गुणस्तरिय बीमा सेवा प्रदान गर्ने ।





# सत्रौं वार्षिक साधारण सभामा
# अध्यक्ष श्री रमेश गुप्ता ज्यू बाट प्रस्तुत मन्तव्य

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको सत्रौं बार्षिक साधारण सभामा पाल्नु भएका सम्पूर्ण शेयरधनी एवं आमन्त्रित महानुभावहरूमा हार्दिक स्वागत अभिवादन गर्दछु ।

समिक्षा बर्ष हाम्रा लागि सफलताको अर्को बर्षको रूपमा रूपमा रहन गएको छ । उक्त अवधिमा कम्पनीले नयाँ व्यवसायबाट मात्रै रू.३८४ करोड भन्दा बढि बीमा शूल्क संकलन गरि नयाँ व्यवसायका आधारमा सर्वाधिक बजारहिस्सा ओगट्न सफल भएका छौं । उक्त अवधिमा समग्र जीवन बीमा क्षेत्रले रू. ३१.१५ अर्ब बीमा शुल्क संकलन गरेकोमा यस कम्पनीले मात्रै १०.२६ अर्ब कुल बीमाशुल्क संकलन गरि सर्वाधिक करिब ३३ प्रतिशत बजारहिस्सा हासिल गर्न सफल भएको तथ्य यस सभामा जानकारी गराउँन पाउँदा खुशी लागेको छ । कम्पनीको समयसापेक्ष व्यवसायिक रणनीतिहरू र सोको सफल कार्यान्वयनबाट नै यस क्षेत्रमा अग्रणी स्थान हासिल गर्न सफल भएको हो । यस सफलताका लागि सम्बद्ध सबैमा हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

कम्पनीले जारी गरेको थप साधारण शेयर निष्काशन (FPO) मा लगानीकर्ताहरूको उत्साहजनक सहभागिता भएको छ । कम्पनी प्रतिको अगाढ बिश्वासको लागि सम्पूर्ण लगानीकर्ताहरूमा हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु । थप साधारण शेयर निश्कासन मार्फत संकलित प्रिमियम रकम जगेडा कोषमा रहने भएकोले यसले कम्पनीको बित्तिय क्षमता अभिबृद्धिमा सघाउ पुर्याउने बिश्वास लिएका छौं । एफ.पि.ओ मार्फत सर्वसाधारण शेयरधनीहरूको हिस्सामा बृद्धि भई सर्वसाधारण शेयरधनीहरूको जिम्मेवारी अझ व्यापक एवं फराकिलो बनेको छ ।

कम्पनीले लगातार तेस्रो पटक Best Managed Life Insurance Company award तथा अन्तर्राष्ट्रिय परामर्शदाता Frost & Sulivan को Best Practices Award प्राप्त गरेको छ । जीवन बीमा क्षेत्रको बिकास र बिस्तारमा कम्पनीले खेलेको भूमिकाको सम्मानको रूपमा यस पुरस्कारलाई लिएका छौं । आगामी दिनमा समेत यस क्षेत्रको बिकासमा जिम्मेवारीपूर्ण भूमिका निर्वाह गर्ने छौं ।

कम्पनीको बित्तिय क्षमता अनुरूप चुक्ता पूँजीलाई बढाउदै लैजाने क्रममा शेयरधनीहरूलाई चुक्ता पूँजीको २५ प्रतिशत बोनस शेयर तथा कर प्रयोजनका लागि १.३१ प्रतिशत नगद लाभांश प्रस्ताव गरेका छौं । कम्पनीको यस प्रस्तावलाई शेयरधनी महानुभावहरूले अत्यन्त सकारात्मक रूपमा लिनुहुने बिश्वास लिएका छौं ।

श्री बीमा समितिबाट जारी गरिएको लगानी नीति अनुरूप कम्पनीले लगानीलाई दीगो र भरपर्दो क्षेत्रमा बिस्तार गरि प्रतिकुल परिस्थितिका बाबजुद कुल लगानीको औषत प्रतिफल ८.२७ प्रतिशत कायम गर्न सफल भएका छौं । जीवन बीमामा लगानीको औषत प्रतिफल बृद्धि हुँदा सम्बद्ध सबै पक्षहरूले लाभ हासिल गर्ने भएकोले लगानी बिबिधिकरणको माध्यमबाट औषत प्रतिफल बृद्धि गर्न कम्पनी प्रयासरत: रहदै आएको छ ।

अन्त्यमा, कम्पनीको सुसंचालनमा हामीलाई प्राप्त भईरहेको निरन्तर सहयोग र प्रोत्साहनका लागि म श्री बीमा समिति, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड लगायत अन्य सम्बद्ध निकायहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । साथै हाम्रा आदरणीय शेयरधनीहरू, बीमित एवं अभिकर्ताहरूले यस कम्पनी प्रति देखाउनु भएको दृढ बिश्वासको निम्ति हार्दिक धन्यबाद व्यक्त गर्दछु । यसैगरि, कम्पनीको बिकास र बिस्तारमा सदा क्रियाशिल संचालकहरू तथा कर्मचारीबर्ग प्रति धन्यबाद व्यक्त गर्दै आगामी दिनहरूमा पनि सदाझै सहयोग र शुभेच्छा प्राप्त भईरहने बिश्वास लिएको छु ।

धन्यबाद ।



# सत्रौं वार्षिक साधारण सभामा प्रमुख कार्यकारी अधिकृत विवेक झा ज्यू बाट प्रस्तुत मन्तव्य

सत्रौं वार्षिक साधारण सभामा पाल्नु भएका सम्पूर्ण महानुभावहरूमा हार्दिक स्वागत अभिवादन गर्दछु । सदा झै आ.व.२०७२।०७३ मा पनि जीवन बीमा क्षेत्रको अग्रणी कम्पनीको रूपमा रहन पाउँदा ज्यादै खुशी लागेको छ । बिगत केही बर्षदेखि मुलुकको आर्थिक परिसूचकहरूमा जीवन बीमा क्षेत्रको बिकासको परिसूचक सकारात्मक देखिदै आएको छ । यसै क्रममा मुलुकमा गएको बिनासकारी भूकम्प पश्चात आर्थिक वर्ष २०७२/७३ मा मुलुकको समष्टिगत आर्थिक स्थिति अपेक्षाकृत हुन नसकि सेवा क्षेत्रको बिस्तारमा समेत कमी आएको अवस्थामा समग्र जीवन बीमा व्यवसाय भने सन्तोषजनक देखिएको छ । आ.व.२०७२।०७३ मा जीवन बीमा व्यवसायबाट करिब रू.३१.१५ अर्बको कुल बीमाशूल्क संकलन भई समग्र व्यवसायको बृद्धिदर करिब २५% रहेकोमा कम्पनीको व्यवसाय बृद्धिदर करिब २७% रहेको छ । समिक्षा वर्षमा कुल बीमाशूल्कमा करिब ३३% तथा प्रथम वर्ष बीमा शूल्कका आधारमा करिब ३४% बजारहिस्सा ओगटी अग्रस्थान हासिल गर्न सफल भएको तथ्य यस गरिमामय सभामा जानकारी गराउनँ पाउँदा अत्यन्तै खुशी लागेको छ ।

समिक्षा अवधिमा बैकिङ्ग तरलता पर्याप्त भएका कारण मुद्धति निक्षेपको व्याजदर ज्यादै नै न्यून रहन गएकोले कम्पनीको औषत प्रतिफल सन्तुलनमा राख्न ज्यादै चुनौतिपूर्ण रहेकोमा लगानी बिविधिकरण तथा बिभिन्न अन्य उपायको माध्यमबाट औषत प्रतिफललाई ८.२७ प्रतिशत कायम राख्न सफल भई बीमित तथा लगानीकर्तालाई उचित प्रतिफल प्रदान गर्न सफल भएका छौं ।

कम्पनीले आफ्नो व्यवसाय बृद्धि ज्यादै आक्रामक रूपले गर्दै जीवन बीमा कोषमा समिक्षा बर्षमा रू.८.६९ अर्ब थप गरि करिब रू.३१.४१ अर्ब पुर्‍याउन सफल भएको छ । व्यवसाय बृद्धि संगै कम्पनीले आफ्नो चुक्ता पुँजीलाई समेत बढाउदै गएको छ । चालु आ.व.मा थप साधारण निष्कासन [FPO] मार्फत रू.४.४१ अर्ब भित्र्याउन सफल भई आफ्नो पूँजीकोषलाई सबल बनाउन सफल भएको छ । कम्पनीको थप साधारण शेयर निष्कासनमा लगानीकर्ताहरूको उत्साहजनक सहभागिता भई करिब १२.४१ गुणा आवेदन पर्न गएको छ । कम्पनी प्रतिको लगाव र बिश्वासको लागि सम्पूर्ण आवेदकहरूमा हार्दिक धन्यबाद ज्ञापन गर्न चाहन्छु । समिक्षा अवधिमा कम्पनीले आफनो सोल्भेन्सी मार्जिन २.७४ कायम गर्न सफल भएको छ जुन FPO पश्चात अझ सबल हुने बिश्वास लिएको छु ।

जीवन बीमाको बिस्तार क्रमशः हुदै जादा आम मानिसमा जीवन बीमा सम्बन्धी आधारभूत ज्ञान, सहि सुचना सम्प्रेषण तथा प्रतिफलका बारेमा समेत व्यापक जनचेतना बिस्तार गर्न आवश्यक छ । यसले आम मानिसमा उपयुक्त कम्पनीको छनौटको अवसर प्रदान गर्न भई अन्ततोगत्वा बीमित स्वयंले तुलनात्मक लाभ हासिल गर्दछ । कम्पनीको **"सबैका लागि जीवन बीमा, किनकी जीवन अमूल्य छ"** भन्ने मूल नारालाई सामाजिक जागरणका साझा नाराको रूपमा अगाडि बढाउन सके जीवन बीमा क्षेत्र मुलुकको बिकासका लागि आवश्यक पूँजी निर्माणको बैकल्पिक क्षेत्रको रूपमा अगाडि आउने निश्चित छ ।

अन्त्यमा, कम्पनीको सुसंचालनका लागि हामीलाई साथ दिनुहुने श्री बीमा समिति, संचालक समिति, कर्मचारी, अभिकर्ता एवं सम्बद्ध सबैमा हार्दिक आभार प्रकट गर्दछु ।

धन्यबाद ।



**श्री विवेक अग्रवाल**
सञ्चालक
संस्थापक समूह

**श्री हरिश्चन्द्र सुवेदी**
सञ्चालक
संस्थापक समूह

**श्री रमेश गुप्ता**
अध्यक्ष
संस्थापक समूह

# सञ्चालक समिति



**श्री कमलेश कुमार अग्रवाल**
स्वतन्त्र सञ्चालक

**श्री राम अवतार अग्रवाल**
सञ्चालक
संस्थापक समूह

**श्री प्रकाश बिक्रम खत्री**
सञ्चालक
संस्थापक समूह

**श्री प्रकाश मुन्दडा**
सञ्चालक
सर्वसाधारण समूह

# सञ्चालक समिति



## अध्यक्ष श्री रमेश गुप्ता

श्री रमेश गुप्ताज्यू विभिन्न उद्योग व्यवसायका क्षेत्रमा क्रियाशिल एवं सफल उद्यमी व्यवसायी रूपमा परिचित हुनुहुन्छ । उहाँले प्रतिष्ठित औद्योगिक एवं व्यवसायिक प्रतिष्ठान लक्की ग्रुपको नेतृत्व गर्दै आउनु भएको छ । लक्की ग्रुप बिभिन्न व्यवसायिक क्षेत्रहरू जस्तैः सिमेन्ट उद्योग, वनस्पति घिउ, हाईड्रोपावर, रियल स्टेट एवं आयात निर्यात व्यवसायमा संलग्न रहेको छ । नेपालको औद्योगिक बिकासमा नीजी क्षेत्रको भुमिकालाई स्थापित गर्ने कार्यमा समेत उहाँले सक्रिय योगदान पुऱ्याउँदै आउनु भएको छ ।

## सञ्चालक श्री राम अवतार अग्रवाल



श्री राम अवतार अग्रवालज्यूले कम्पनीको सञ्चालक समितिमा संस्थापक समुहबाट प्रतिनिधित्व गरिरहनु भएको छ । उहाँले २६ वर्ष भन्दा बढि समय बरिष्ठ ईन्जिनियरको रूपमा नेपाल सरकारको विभिन्न सरकारी पदमा एवं विभिन्न सिंचाई तथा निर्माण परियोजनाहरूको योजना प्रमुखको रूपमा समेत कार्य गर्नुभएको छ । हाल उहाँ विभिन्न उद्यम व्यवसायमा क्रियाशिल रहदै विभिन्न सामाजिक कार्यहरूमा समेत संलग्न रहदै आउनु भएको छ ।



## सञ्चालक श्री कमलेश कुमार अग्रवाल

श्री कमलेश कुमार अग्रवालज्यू स्वतन्त्र सञ्चालकको रूपमा सञ्चालक समितिमा प्रतिनिधित्व गरिरहनु भएको छ । उहाँ उद्योग व्यवसायका क्षेत्रमा लामो समयदेखि संलग्न रहदै नेपाल चेम्बर अफ कमर्सको महासचिवको रूपमा निजि क्षेत्रको विकासमा समेत क्रियासिल रहदै आउनु भएको छ । उहाले विगतमा राष्ट्रिय बीमा संस्थानको सञ्चालकको रूपमा समेत योगदान पुऱ्याउनु भएको छ ।



## सञ्चालक श्री हरिश्चन्द्र सुवेदी

श्री हरिश्चन्द्र सुवेदीज्यू कम्पनीको सञ्चालक समितिमा संस्थापक समुहबाट प्रतिनिधित्व गरिरहनु भएको छ । उहाँ बैंक तथा बित्तिय क्षेत्रसंग लामो समयदेखि संलग्न रहदै आउनुभएको छ । उहाँ पेशागत रूपमा अधिवक्ता हुनुहुन्छ र कानूनका क्षेत्रमा अनुभवी व्यक्तित्वको रूपमा परिचित हुनुहुन्छ । उहाँ प्राध्यापन कार्यमा समेत संलग्न हुनुहुन्छ ।

## सञ्चालक श्री विवेक अग्रवाल



श्री विवेक अग्रवालज्यू संस्थापक शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गरिरहनु भएको छ । उहाँ एक युवा उद्यमी व्यवसायीको रूपमा विभिन्न उत्पादन मुलक उद्योग, आयात निर्यात तथा सेवा व्यवसायको क्षेत्रमा क्रियाशिल हुनुहुन्छ । उहाँ वस्तु तथा सेवा व्यापारको बजारीकरणका विषयमा अनुभवी तथा दक्ष मानिनुहुन्छ ।



## संचालक श्री प्रकाश बिक्रम खत्री

श्री प्रकाश बिक्रम खत्रीज्यू संस्थापक समुहबाट संचालक समितिमा प्रतिनिधित्व गरिरहनु भएको छ । उहाँ पेशागत रूपमा कम्प्यूटर ईन्जिनियर हुनुहुन्छ र बिभिन्न राष्ट्रिय तथा अर्न्तराष्ट्रिय कम्पनीहरूमा कार्य गरेको अनुभव रहेको छ । उहाँ सूचना प्रविधि तथा व्यवस्थापन सूचना प्रणालीका बिषयमा अनुभवी एवं दक्ष मानिनुहुन्छ ।

## सञ्चालक श्री प्रकाश मुन्दडा



श्री प्रकाश मुन्दडाज्यू सर्वसाधारण शेयरधनीहरूको तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गरिरहनु भएको छ । उहाँ एक युवा उद्यमी व्यवसायी हुनुहुन्छ र विभिन्न उत्पादनमुलक एवं सेवा क्षेत्रमा सञ्चालकको रूपमा समेत क्रियाशिल हुनुहुन्छ । उहाँले मोरङ्ग व्यापार संघको महासचिव तथा नेपाल जुट उद्योग संघको प्रथम उपाध्यक्षको रूपमा निजी क्षेत्रको विकासमा समेत सक्रिय योगदान पुऱ्याउदै आउनुभएको छ ।

# "उत्कृष्टताको लागि प्रतिबद्ध"



ओमप्रकाश पुडासैनी
कम्पनी सचिब

कमल पन्थी
सहायक महाप्रबन्धक

अगम मुखिया
सहायक महाप्रबन्धक

रिता शर्मा
पुनर्बीमा प्रमुख

रामेश्वर श्रेष्ठ
वित्त तथा
लेखा प्रमुख

# व्यवस्थापन समूह



सुशिल कुमार चौधरी
वरिष्ठ नायव महाप्रबन्धक

विवेक झा
प्रमुख कार्यकारी अधिकृत

दिग्विजय सिंघल
अन्डरराईटिङ् प्रमुख

उमापति पोखरेल
सहायक महाप्रबन्धक

कश्यप शाक्य
ब्राण्ड मैनेजर

# Winner

## New Biz Awards 2013, 2014 & 2016

Best Managed Life Insurance Company of the Year



## निरन्तरता सफलताको...

लगातार तेस्रो वर्ष पनि न्यू बिज अवार्ड
प्राप्त गर्न सफल भएकोमा सम्पूर्ण
नेपाल लाइफ परिवार गौरवान्वित महसुस गर्दछ ।

NEPALLIFE INSURANCE

किनकि जीवन अमूल्य छ...



# धन्यवाद ज्ञापन

नेपाल लाइफ इन्स्योरेन्स कम्पनीले सर्वसाधारणमा जारी गरेको थप सार्वजनिक निष्काशन (Further Public Offering) मा तपाई सम्पूर्ण लगानीकर्ताहिरुले उल्लासपूर्ण सहभागिता जनाई कम्पनी प्रति अगाढ बिश्वास देखाउनुभएकोमा हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

यस निष्काशन कार्यमा उचित मार्गदर्शन प्रदान गर्नुहुने नियमन निकायहरू एवं यस कार्यलाई सफलतापुर्वक सम्पन्न गर्ने धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिद्धार्थ क्यापिटल लिमिटेड प्रति समेत आभार व्यक्त गर्दछौं । आगामी दिनहरुमा पनि यहाँबाट निरन्तर सहयोग तथा विश्वासको अपेक्षा लिएका छौं ।

नेपाल लाइफ
इन्स्योरेन्स कं. लि.
किनकि जीवन अमूल्य छ...

प्रधान कार्यालयः हेरिटेज प्लाजा १, दोस्रो तल्ला, कमलादी, काठमाडौं । फोनः ४१६९०८१ । फ्याक्सः ४१६९०७९ । पो. ब. नं. ११०३०
ई-मेलः info@nepallife.com.np । वेबसाइटः www.nepallife.com.np www.facebook.com/Nepallife.Insurance

उत्कृष्टताको निरन्तरता...

सर्वाधिक बोनस दर#




**NEPAL LIFE INSURANCE CO. LTD.**

Heritage Plaza-1, 2nd Floor, Kamaladi | G.P.O. Box No. 11030, Kathmandu, Nepal

Tel: 01-4169082 | Fax: 01-4169079 | www. nepallife.com.np | info@nepallife.com.np

www.facebook.com/ Nepallife.Insurance